हरेक खबर, विशेष खबर
जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७
राष्ट्रिय दैनिक
# लहानपोस्ट
LAHANPOST DAILY




वर्ष : ०१ अंक : ८४ पृष्ठ : ४ २०७७ असोज २१ गते बुधबार (Wednesday 7 October 2020) www.lahanpost.com मूल्य रु. ५।-

FOLLOW US facebook: lahanpost YouTube : lahanpost twitter : lahanpost instragram : lahanpost

# खुट्टि खोलामा जथाभावी उत्खनन्, नियामक निकाय मौन





लहान । लहाननगरपालिकाको खुट्टि खोलामा जथाभावी उत्खनन् भइरहेको छ । तर, सम्बन्धित निकाय मौन देखिएको स्थानीयबासीले गुनासो गरेका छन् । नगरपालिका कर्मचारीले गिट्टि, बालुवा लिने ट्याक्टरसँग राजश्व लिन्छन् । खोलामा वैज्ञानिक तरिकाबाट नभई जथाभावी उत्खनन् भइरहेको खोला छेउका स्थानीयको आरोप छ ।

खोलामा बाढी आउँदा यसवर्ष भदैंया, शोभापुर, बस्तीपुर, गोविन्दपुरका केही जग्गाहरू कटान भएका छन् । कटानले खुट्टिमा लगाएको सामुदायिक वनपनि साँघुरिदै गएको छ । खोलाको किनारमा कटान रोक्न लगाइएको तारजाली पनि भत्काइएको छ ।

'यहाँ प्रहरी प्रशासन अनुगमनमा आउँदैनन्, ट्याक्टरबालाको मनपर्दी छ,' एक स्थानीयले लहानपोस्ट्सँग भने, 'कटान जहीतही भएको छ । हामीलाई त्रास बढ्दै गएको छ । खेत कटान गर्ने क्रम बढ्दो छ ।' स्थानीय तहले राजश्व असुली बाहेक केही कुरा ध्याननदिएको उनको गुनासो छ ।

स्थानीय तहले बर्सेनी खोलाबाट गिट्टि, बालुवा निकासीका लागि ठेक्का लगाउँछ । यसवर्ष पनि ठेक्का लगाएको छ । तर ठेक्का लगाउने निकायले खोलाबाट कसरी गिट्टि, बालुवा उत्खनन गरिरहेका छन भन्ने बारे कहिल्यै अनुगमन गर्दैन । जसले गर्दा जथाभावी बस्ती र खेतीयोग्य जग्गालाई असर पर्नेगरी उत्खनन् हुने गरेको स्थानीयको गुनासो छ । 'खोलामा मापदण्ड अनुसार उत्खन्न गर्दा हुन्छ, तर, कम क्षति कसरी हुन्छ त्यो कुरा ध्यान पुऱ्याउन जरूरी छ,' अर्को एक स्थानीयले भने, 'हामीले ट्याक्टरबालालाई रोक्न जाँदा उल्टै कुट्छ, थर्काउँछ । के गरू ? ठुलाबाडा मिलेको छ । हामी सर्वसाधारणलाई बलियाले सुन्दैनन् ।' प्रहरी प्रशासनको मौन समर्थबिना आट कही उत्खन्नन् गर्ने बालाले गर्न सक्छन त उनले प्रश्न गरे ?

# न्याय माग्दै महिला भोक हड्तालमा




लहान । वडाध्यक्षबाट कुटिएकी एक महिला न्याय माग्दै लहानस्थित सहिद चौकस्थित मुख्य द्वारा धर्नापछि आमरण अनसनमा बसेकी छन् । लहान नगरपालिका-१३ भोटिया टोलकी ममता देवि यादव मंगलबारदेखि लहानस्थित रमेश चोकमा धर्नापछि आमरण अनसनमा बस्न थालेकी हुन् ।

उनी गत १६ गतेदेखि आफूमाथि कुटपिट गरेकाहरूलाई कारवाहीको माग गर्दै धर्ना बसेकी थिइन् । सुखीपुर नगरपालिका-४ का वडाध्यक्ष रामलोभित यादव सहित उनका आफन्त र मान्छेहरूले आफूमाथि कुटपिट गरेको र हालसम्म आफूले क्षतिपूर्ति नपाएको उनको आरोप छ । भोटिया टोलमै घर बनाएर बस्दै आएका वडाध्यक्ष यादवले गतअसार ७ गते ममतालाई कुटपिट गरेको थियो । अन्यजातका अरूसँग किन बोलचाल गरेको र आफू

——बाँकी ३ पेजमा

नेपाल विद्युत प्राधिकरण
(नेपाल सरकार स्वामित्व)
वितरण तथा ग्राहक सेवा निर्देशनालय
प्रदेश नं. २ प्रादेशिक कार्यालय, जनकपुर
लहान वितरण केन्द्र, लहान

सूचना ! सूचना !! सूचना !!!

प्रस्तुत विषयमा मिति २०७७ असोज २२ गते सम्म लहान फिडर अन्तर्गत विभिन्न ठाउँहरुमा वुस-कटिङ्ग कार्य हुने भएकोले विहान ९:०० देखि ५:०० वजे सम्म वितरण लाईन पूर्ण अथवा आंशिक रुपमा वन्द रहने व्यहोरा सम्पूर्ण विद्युत उपभोक्ताहरुमा जानकारीको लागि अनुरोध गरिन्छ । यसबाट ग्राहक वर्गहरुमा हुन जाने असुविधा प्रति लहान वितरण केन्द्र क्षमाप्रार्थी छ ।

नेपाल विद्युत प्राधिकरण लहान वितरण केन्द्र
लहान, सिरहा










फ्रेन्डस मोडल हसिपटल, लहान-४
(शिव मन्दिरको उत्तरपट्टि रघुनाथपुर)
हाम्रो सेवाहरु
NICU सहितको प्रसुति सेवा
२४ औं घण्टा इमरजेन्सी सेवा
डाक्टरहरु
बालरोग विशेषज्ञ — डा. वृजेन्द्र यादव
मधुमेह, प्रेसर — डा. ल्युस्युन यादव
प्रसुति रोग विशेषज्ञ — डा. विरेन्द्र यादव

# सम्पादकीय

## औषधि अभाव हुन नदिऔं

औषधि त्यो पदार्थ हो जसको निश्चित मात्राले शरीरको निश्चित प्रकारमा असर देखाउँछ । यसको प्रयोजन चिकित्सामा हुन्छ । कुनैपनि पदार्थलाई औषधिको रुपमा प्रयोग गर्नका लागि त्यसको गुण, मात्रा अनुसार व्यवहार, शरीरमा पर्ने प्रभावको बारे जानकारी हुन अपरिहार्य छ । औषधि रोगको उपचारका लागि गरिन्छ । प्रारम्भमा औषधि जडिबुटिबाट प्राप्त हुन्थ्यो । रुख विरुवा, जीवजन्तुलगायतबाट आयुर्वेदको रुपमा प्राप्त गरिन्थ्यो । तर कालान्तरमा रसायन विज्ञानको विस्तार र नयाँ तत्वको खोजसँगै नयाँ नयाँ औषधिको आविष्कार कृत्रिम विधिबाट तयार गर्न थालियो । औषधि मानव जीवनको लागि अत्यावश्यक वस्तु भएको छ । अहिले औषधि मानव जीवन जीउनका लागि अत्यावश्यक छ ।

त्यसैलेहोला सरकारले स्वास्थ्य सेवालाई संविधानको मौलिक हकमा समेटेको छ । सरकारले स्वास्थ्य चौंकीमा ५९ प्रकारको औषधि नि:शुल्क वितरण गर्नुपर्ने अनिवार्य गरेको छ । यसका लागि सरकारले बर्सेनी ठूलो धनराशि खर्चन्छ । औषधि र उपचारकैं कारण कसैले पनि अकालमा मृत्युवरण गर्न नपरोस भनेर सरकारले नि :शुल्क औषधि उपलब्ध गराउँदै आएको छ भने उपचारबाट गरिब, दलित, निमुखा परिवार बञ्चित नहोस भनेर स्वास्थ्य बीमा कार्यक्रम लागू गरेको छ । स्वास्थ्य बीमा कार्यक्रमको प्रभावकारिता कस्तो छ भन्ने बारेमा खोज अनुसन्धान हुन आवश्यक छ ।

तर सरकारले वितरण गर्दै आएको नि :शुल्क औषधि लहान नगर क्षेत्रमा महिनादिन यता अभाव भएको छ । लहान क्षेत्रका स्वास्थ्य चौकीहरुमा अत्यावश्यक जीवन जल र सिटामोल समेत छैन् । त्यत्तिमात्र होइन गर्भवति महिलालाई नभई नहुने अति आवश्यक आइरन चक्की समेत छैन । सरकारले पोषणलाई लक्षित गरेर सुनौला हजार दिन कार्यक्रम लागू गरेको छ भने अर्कातर्फ गर्भवति महिला आइरन चक्की पाउनबाट समेत बञ्चित छन् । यो विडम्बना हो । जुनसुकै जे सुकै बहानामा पनि मानव स्वास्थ्यसँग जोडिएको औषधि अभाव सृजना हुन राम्रो होइन । तसर्थ सम्बन्धित निकायले बेलैमा यसतर्फ सोच्न आवश्यक छ । र, अत्यावश्यक औषधि अभाव हुन नदिन तत्काल पहल कदमी बढाउन जरुरी छ ।

## आजको राशिफल

| | |
|---|---|
| मेष | आज तर्क, विवाद र प्रतिस्पर्धामा पकड भएको दिन छ । एउटै आर्थिक कारोवारमा सफलता पाइएला । साथीभाइले पनि राम्रै सहयोग जुटाउनेछन् । |
| वृष | रोकिएका काम पुनः सुरू हुन सक्छन् सामाजिक क्षेत्रमा सफलता मिल्नेछ । गरेका कामबाट धेरैलाई फाइदा पुग्न सक्छ । कतिपय राम्रा अवसरहरु प्राप्त हुनेछन् । |
| मिथुन | सामान हराउने वा चोरी हुने सम्भावना छ । शुभचिन्तकहरूको सुझावलाई बेवास्ता गर्दा दु:ख पाइनेछ । दैनिक काममा चुनौतीको सामना गर्नुपर्छ । |
| कर्कट | लामो समयदेखि प्रतीक्षा गरिएको काम पूरा हुनेछ । सामाजिक प्रतिष्ठा कायम राख्न लगानी गर्ने समय आएको छ । नयाँ उद्योगमा जुट्ने समय छ । |
| सिंह | आजको दिन भाग्यशाली भएर देखा पर्नेछ । राजनीति वा कूटनीतिक नियोगको सहयोग मिल्ला । सामाजिक कामबाट उपलब्धिपनि राम्रै पाइएला । |
| कन्या | आज सामाजिक तथा धार्मिक कार्यमा रूची बढ्नेछ । धैर्य एवं लगनशीलताले विभिन्न अवसर दिलाउनेछ । नयाँ वस्त्र एवं अलङ्कारको प्राप्ति हुनेछ । |
| तुला | आज बेला बेलामा मनमा अशान्ति तथा चञ्चलता छाउन सक्छ । परिवारका लागि धेरै समय दिन पाइने छैन । सरकारी निकाएको भयपनि रहला । |
| वृश्चिक | रमाइलो यात्रा गर्ने अवसर प्राप्त हुनेछ । आकस्मिक धन लाभ हुनेछ । मिहिनेत गर्दा अधिक प्रगति हुनेछ । तर अरूको भलाइकालागि दौडधूप गर्नु पर्नेछ । |
| धनु | आज व्यापारिक वा दैनिक कामहरु सन्तोषजनक ढंगले सम्पन्न हुनेछन् । वैदेशिक व्यापार, कृषिव्यवसाय र नोकरी गर्नेका लागि सन्तोषजनक रहनेछ । |
| मकर | छोटो दुरीको लाभदायक यात्रा हुनेछ । धनार्जनका नयाँ स्रोतहरु पत्ता लाग्नेछन् । राजनैतिक र सामाजिक प्रतिष्ठा कायम राख्न लगानी गर्ने समय आएको छ । |
| कुम्भ | मनमा हर्ष,उमङ्ग र उत्साह छाउनेछ । रोकिए काम दोहोर्याएर गर्दा फाइदा हुन सक्नेछ । महिला वा मित्र बाट विशेष सहयोगको आश राख्न सकिन्छ । |
| मीन | सानो प्रयत्नले ठूलो काम सम्पादन हुनेछ । प्रेम र मित्रताको बन्धन कसिनुका साथै वाहान लाभ हुने समय छ । धर्म, कर्म तथा समाजसेवामा मन लाग्नेछ । |

# विकास सहकारी व्यवस्थापन: अलमलमा स्थानीय र प्रदेश सरकार

**पालिका बहस**

**यादव हुमागाई**

विभिन्न पालिकाहरूमा सहकारी संस्था दर्ता, वार्षिक नवीकरण, व्यवसाय करलगायतका विषयमा समस्या देखिएको छ

नेपालको संविधान २०७२ सहकारीको दर्ता, प्रवर्द्धन र नियमनको अधिकार स्थानीय तहसम्म दिएको छ । यस व्यवस्था अनुसार सहकारी संस्था दर्ता गर्ने, नियमन गर्ने र प्रवर्द्धन गर्ने अधिकार केन्द्रदेखि स्थानिय सरकारसम्मलाई बाडिएको छ । एउटा गाउँपालीका वा नगरपालिका भित्र कार्यक्षेत्र भएका सहकारीहरूलाई सोही स्थानीय तहले नियमन गर्नेछ । यसैगरी एकभन्दा बढी पालिका कार्यक्षेत्र भएका सहकारीहरु प्रदेश सरकार र एक प्रदेश भन्दा बढी कार्यक्षेत्र रहेका सहकारीहरु केन्द्र मातहत संचालनमा रहनेछन् । यही व्यवस्था अनुसार सहकारी विभागले आफूअन्तर्गत रहेका सबै सहकारीहरूको अभिलेख प्रदेश र स्थानीय तहलाई हस्तान्तरण गरिसकेको छ ।

संविधानको व्यवस्था अनुसार देशभर रहेका ३४ हजार ५१२ सहकारी संस्थामध्ये २९ हजार स्थानीय तह मातहत परेका छन् । यसैगरी प्रदेश मातहतमा पाँच हजार र संघ मातहत १५० सहकारी संस्था परेका छन् । तर, कानुन, भौतिक पूर्वाधार, तथा जनशक्ति व्यवस्थापन नगरी स्थानीय तथा प्रदेश तहलाई हस्तान्तरण गरेको सहकारी अभिलेख अलपत्र अवस्थामा छ । अभिलेख हस्तान्तरण भएको एक वर्ष पुग्दा पनि स्थानीय तथा प्रदेश सरकारले सहकारीको अनुगमन सुरू गर्न सकेका छैनन् । अझै पनि अधिकांश पालिका तथा प्रदेशले सहकारीलाई व्यवस्थित गर्न आवश्यक पर्ने कानुनी तथा नीतिगत व्यवस्था समेत गर्न सकेका छैनन् । यसैगरी सहकारीको अनुगमन र प्रवर्द्धनको काम संचालन गर्नका लागि दक्ष कर्मचारीको प्रवन्ध पनि हुन सकेको छैन ।

संघीय संविधानले दिएको अधिकारअनुसार सहकारीको अभिलेख बुझेका स्थानीय तहका लागि यतिबेला सहकारी संस्थाको व्यवस्थापन गर्ने काम समेत पेचिलो बन्दै गएको छ । हाल स्थानीय तथा प्रदेश सरकारको प्राथमिकतामा समेत सहकारी पर्न सकेको छैन । जसका कारण वाणिज्य बैंकपछि ठूलो वित्तीय कारोबार गर्ने सहकारीहरूको प्रत्यक्ष नियमन नहुँदा यसमा जोखिम बढ्ने सम्भावना पनि बढेको छ । यसैगरी संचालनमा रहेका सहकारी संस्थाहरूलाई समेत लेखापरीक्षण स्विकृति लिने, साधारणसभा गर्ने र विवरण बुझाउने विषयमा समेत अन्योल भएको छ ।

स्थानीय र प्रदेश तहमा सहकारी बुझेका कर्मचारी नहुँदा कतिपय ठाउँमा सहकारीलाई निजी कम्पनी र कतिपय ठाउमा एनजिओका रूपमा व्यवहार भइरहेको छ । विभिन्न पालिकाहरूमा संस्था दर्ता गर्ने, नविकरण, करलगायतका विषयमा समस्या आइरहेको छ ।

### विकासको आधार

सहकारी मूलत समूदायमा आधारित संस्था हो । समूदाय र सदस्यमा आधारित रही उनीहरूको आर्थिक, सामाजिक तथा सांस्कृतिक विकासका लागि सहकारीहरूले नाफामूलक र सेवामूलक भई काम गर्दछन् । समूदायमा आधारित यी संस्थाहरूको उपयोग र व्यवस्थापन पनि स्थानीय तहबाटै प्रभावकारी हुन्छ भन्ने आकंलन सहित यसको प्रवर्द्धन तथा व्यवस्थापन सोही तहहरूमा दिइएको हो । संघिय सरकारले बजेटको विनियोजन समेत सोही अनुसार गरिएको छ । सहकारीको शिक्षा, तालिम प्रवर्द्धनलगायतका संघिय सरकारले खर्च गर्ने अधिकांश बजेट तल्लो तहमा नै विनियोजन गरिएको छ । यसैगरी पालीका र प्रदेश सरकारहरूले पनि गरिवी निवारण, कृषिलगायतका काम सहकारीमार्फत गर्ने गरी सहकारीलाई प्रवर्द्धन गर्न बजेट विनियोजन गरेका छन्

सहकारी विभागका पूर्व उपसचिव विष्णु प्रसाद घिमिरेका अनुसार प्रदेश र स्थानीय तहले आफ्नो प्राथमिकता अनुसारका क्षेत्रमा सहकारीलाई परिचालन गर्ने सक्ने भएकाले सहकारीमार्फत सो तहले आफ्नो आर्थिक विकास गर्न सक्छ । समूदायमा आधारित रहेर बचत तथा ऋण परिचालन गर्नका साथै सहकारीमार्फत व्यवसायीक रूपमा कृषि, तरकारी खेती पशुपालन गर्न सक्छन् । यसैगरी कृषि उपजको प्रसोधन, बजारीकरणको काममा पनि सहकारीमार्फत परिचालन गर्न सकिन्छ । यसैगरी कृषिमा आधारित स–साना उद्यमहरु सञ्चालन गर्नका लागि आवश्यक वातावरण तयार पारिदिने हो भने गाउँगाउँमा स्वरोजगारीका अवसरहरु सिर्जना हुनेछन् ।

स्थानीय तहले आफैं गर्न नसक्ने कतिपय काम सहकारीको माध्यमबाट गर्न सकिनेछ ।



स्थानीय तह र सहकारीको सामूहिक लगानी र स्वामित्वमा मलखाद, दाना, बीउबिजन, कीटनाशक औषधिको उत्पादन र बिक्री–वितरणलाई प्रभावकारी बनाउन सकिने अवसर छ । यसैगरी महिला, दलितलगायतका पिछडिएका वर्गको उत्थान, उनीहरूको जिवनस्तर वृद्धिगर्ने काम पनि सहकारीमार्फत गर्न सकिन्छ । राज्यको दायित्व रहेको शिक्षा, स्वास्थ्य, वातावरण संरक्षण लगायतका काममा पनि सहकारीलाई काम लगाउन सकिन्छ । जलविद्युत, सडक, खानेपानीजस्ता पूर्वाधार विकासमा पनि सहकारीले काम गर्न सक्छ । सहकारीले मात्र नसक्ने ठूला काममा सार्वजनिक–सहकारी र नीति क्षेत्रको सहकार्य मोडल पनि प्रभावकारी रूपमा अगाडी बढाउन सकिने विज्ञहरूको सुझाव छ ।

### नियमनमा चुनौती

नेपालमा सहकारीको दर्ता र नियमनको काम गर्नका लागि २०१० सालमा नै सहकारी विभागको स्थापना भएपनि २०१३ सालमा सहकारी स्थापना भएको इतिहास छ । त्यसयता सहकारीलाई सरकारको प्रत्यक्ष र अप्रत्यक्ष नियन्त्रणमै राखेकाले सहकारीको संख्या खासै बढेन । २०४८ सालअघि ८३० वटा मात्र मात्र रहेका सहकारी संघसंस्था २०६५ चैतसम्म १२ हजार र त्यसको दुई वर्षमा दोब्बर भई २०६७ चैतसम्ममा २२ हजार पुग्यो । सहकारी ऐन आएको २२ वर्षको अवधिमा ४० गुणा बढेर २०७४ असारसम्म ३४ हजार ५१२ सय पुगेको छ ।

सहकारी अभियानमा करिब ६३ लाख भन्दा बढी सर्वसाधारण नेपाली आवद्ध भएको सहकारी विभागले जनाएको छ । यसैगरी सहकारीमा ७५ अर्व ७४ करोड सेयर पुँजी जम्मा भएको छ । यसैगरी २ खर्व ९८ अर्व बचत संकलन र २ खर्व ९२ अर्व ऋण लगानी भएको छ । सहकारीको योगदानबारे औपचारिक अध्ययन नभएपनि सहकारीबाट ५० हजारले प्रत्यक्ष र ५ लाखले अप्रत्यक्ष रोजगारी पाएको, कुल ग्राहस्थ उत्पादन (जीडीपी) मा ५ प्रतिशत तथा वित्तिय क्षेत्रको पहुँचमा २० प्रतिशत योगदान गरेको बताइन्छ । सुरूवातमा ससानो बचत सकलन, ऋण लगानीका साथै मलखाद र बिउविजनको काम गर्ने सहकारीहरूले वित्तीय सेवाका अतिरिक्त कृषि, दुध उत्पादन तथा वितरण, संचार, उद्योग, व्यापार, शिक्षा, स्वास्थ्य, संचार, यातायात, कृषिजन्य उत्पादनमा काम गरिरहेको छ ।

बाणिज्य बैंकपछि ठूलो वित्तीय कारोबार हुदै आएको सहकारीको नियमन यसअघि विभाग र यसअर्न्तगत रहेका डिभिजन सहकारी कार्यालयहरूमार्फत हुदै आएको छ । तर सहकारी संख्या र कारोबारको अनुपातमा अनुगमन र कारवाहीका लागि आवश्यक कानुनी व्यवस्था, दक्ष जनशक्ति नहुँदा सहकारीमा जोखिम बढिरहेको विभिन्न अध्ययन प्रतिवेदनमै औल्याइएको छ । एक अध्ययन समितिकै प्रतिवेदनमा १३० सहकारीलाई समस्याग्रस्त घोषणा गरी सर्वसाधारणको १० अर्व भन्दा बढी रकम जोखिममा रहेको प्रतिवेदन सरकारलाई बुझाएको छ ।

आवश्यक कानुन, नियमित र प्रभावकारी अनुगमन बिना आफुखुशी जोखिमपूर्ण कारोबार गरिरहेका सहकारीको अधिकारी स्थानीय सरकारलाई दिएपछि व्यवस्थित गर्न सक्लान् त भन्ने बहस पनि चलेको छ । स्थानीय र प्रदेश तहले आफखुशी चलेका सहकारी संस्थाहरूलाई कसरी नियमन गर्लान ? वित्तीय कारोबार गर्ने संस्थाको अनुगमन गर्न सक्ने प्राविधिक कर्मचारीको व्यवस्थापन कसरी गर्न सक्लान् ? भन्ने विषयमा समेत विज्ञहरूले आशंका गर्दै आएका छन् । यसैगरी अधिकांश सहकारी संस्थाहरु बचत तथा ऋण कारोबारमा मात्र केन्द्रीत रहेका छन् । उत्पादन, प्रसोधन, वितरण, सेवा लगायतका क्षेत्रमा सहकारीको उपस्थिती सुन्यप्राय नै छ । यी क्षेत्रमा सहकारीहरूको सेवा प्रवाह बढाउनु पनि प्रदेश र स्थानीय सरकारका लागि चूनौतिपूर्ण काम बनेको छ ।

सहकारीको तथ्यांक एकिकृत गर्ने र नियमन प्रभावकारी बनाउने भन्दै भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालयले सहकारी तथा गरिवी निवारण सूचना

बाँकी ४ पेजमा

कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

कोरोना भाइरसबाट बच्ने उपायहरू :

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाईरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

विष्णुपुर गाउँपालिका कार्यालय, सिरहा

कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

कोरोना भाइरसबाट बच्ने उपायहरू :

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाईरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

नवराजपुर गाउँपालिका कार्यालय, सिरहा

# मिर्चैयामा मृत भेटिएकी महिला घटनाको अनुसन्धान तीव्र

**सिरहा ।** मिर्चैया नगरपालिका–६ मा मृत भेटिएकी महिलाको शव भेटिएको महिना दिन बित्न लाग्दा पनि घटनाको कारण खुल्न सकेको छैन् । प्रहरी अनुसन्धानकै क्रममा छन् ।

कल्याणपुर नगरपालिका–१२ बेल्हा घर भएकी उनी मिर्चैया नगरपालिका–६ स्थित आफनै घरमा ३६ वर्षिया रिना देवी पुर्वेको भदौं २१ गते राती शव फेला परेको थियो । 'सुत्ने कोठामै मृत शरीर घोप्टीएको र तौलियाले छोपिएको अवस्थामा फेला परेको थियो,' मृतकका आफन्त श्रीनारायण साहले भने,'शव अर्ध नग्न थियो, लगाएको सुरूवाल र अन्य लुगा कोठामै फालिएको थियो ।' जबरजस्ती करणी पछि हत्या गरेको हुन सक्ने उनको दाबी छ । उनका अनुसार रिना बसेको भवनमा अगाडि र पछाडी दुई द्वारमा बाहिरबाटै ताल्चा लागेको थियो । प्रहरीको रोहवरमा ताला फुटाएर मृतकको शव पोष्टमार्टमका लागि धरान लगिएको उनले सुनाए ।

रिना बसेको घरमा पाँच कोठा छन् । 'भाडा लिई बस्नेहरू आ–आफ्नो घर गएको र रिनाको दुई छोरी एक तीन बर्षिय छोरा चौरचनमा मामा घर सागरपुर गएको थियो,' श्रीनारायणले भने, 'घटना भएको दिन घरमा रिना एक्लै थिइन् ।' उनका अनुसार अनुमानको भरमा रिनाको मृत शव दिनभर घरमै रह्यो । छिमेकीबाट जानकारी पाएर आफुले प्रहरीलाई खवर गरेको उनले सुनाए । 'गएको भाद्र २१ म अन्दाजी साढे आठ बजे रिनासँग कुरा भयो । त्यसको केही मिनेट पछिबाट फोन लाग्न छाड्यो,' बैदेशिक रोजगारमा गएको उनको पति प्रमोद कुमार पुर्वेले भने, 'घटनाबारे किटानी जाहेरी दिएको छु ।'

**अनुसन्धान जारी छ : प्रहरी**

'अनुसन्धान भइरहेको छ,' जिल्ला प्रहरी कार्यालय सिरहाका प्रहरी उपरिक्षक उमाशंकर पंजियारले भने,'अनुसन्धानमा असर पर्ने हुँदा तत्काले धेरै कुरा बाहिर लग्न मिल्दैन् ।' उनकाअनुसार आउने केही दिनभित्रै सही कुरा ल्याएर कारवाही प्रक्रिया अगाडि बढ्ने छन् ।

रिनाको माइती गाउँ सिरहा नगरपालिका–२२ सागरपुरका ३२ बर्षिय तौकिर आलमलाई अनुसन्धानकालागि प्रहरीले गाउँबाटै भाद्र २४ गते पत्राउ गरेको छ ।

'हामी अनुसन्धान गर्दैछौं । अहिले कुनै प्रष्ट कुरा बताउन सकिदैन,' इलाका प्रहरी कार्यालय मिर्चैयाका डिएसपी सन्तु जैसवालले भने, 'थप कुरा बुझ्नु छ भने जिल्लामा सम्पर्क गर्नुस ।'

# न्याय ...

अनुकुल किन नहिंडेको भन्दै वडाध्यक्ष यादवले कुटपिट गरेको ममताको द:ुखेसो छ । 'उहाँको कसैसँग मनमुटाब छ भने म पनि किन मनमुटाब गर्नु ?' ममताले भनिन्, 'उहाँले भने बमोजिम नहिंडेकै कारण मलाई उहाँ सहित उहाँका परिवारका सदस्यहरूले पनि पिट्यो ।'

घटना भएको साढे तीन महिना बितिसक्दा पनि आफूले न्याय नपाएको भन्दै संघर्षमा उत्रिन बाध्य हुनुपरेको उनले सुनाइन् । आफूमाथि कुटपिट पनि भएको, उपचार पनि आफैले गराउनु परेको र आफूलाई कुट्नेहरूलाई कारवाही पनि नभएको तथा धर्ना बस्दा पनि कतैबाट वास्ता नभएपछि भोक हड्ताल बसेको उनको भनाइ छ ।

कुटपिटबाट कम्मरको हड्डीसहित शरीरको विभिन्न भागमा गम्भीर चोट लागेको उनले दाबी गरेकी छन् । पीडित ममताको उपचार लहानमा सम्भव नभएपछि विराटनगरस्थित विराट नर्सिङ होममा उपचार गरिएको थियो ।

उपचारका क्रममा एक लाख रूपैयाँ भन्दा बढी खर्च भएपनि वडाध्यक्ष यादवले हालसम्म कुनै क्षतिपूर्ति नदिएको पीडित महिलाको आरोप छ । तर, वडाध्यक्ष यादव भने आरोपलाई नकार्छन् । यो घटनामा आफ्नो संलग्नता नरहेको र षड्यन्त्रपूर्वक आफूलाई बद्नाम गर्न खोजिएको उनको दाबी छ ।

अर्कोतर्फ, वडाध्यक्ष यादव र सुखीपुरका मेयर रामऔतार यादव पनि उपचार खर्च वापत ६० हजार रूपैयाँ दिएको दाबी गर्छन् । मेयर यादव अपराधीको बचाउमा लागेको ममताको आरोप छ । पीडित महिलाले आफूमाथि कुटपिट गरेको भन्दै वडाध्यक्ष यादवसहित पाँच जनाविरूद्ध उजुरी पनि दर्ता गराएकी छन् ।

पीडितको उजुरीपछि गत असोज ११ गते आरोपित मध्येका नविन यादव प्रहरीको नियन्त्रणमा छन भने वडाध्यक्षसहित अन्य फरार छन् । जसको खोजी कार्य भइरहेको प्रहरीको भनाइ छ । भारतसँग खुल्ला सीमा नाकाका कारण पारीपट्टी गएको हुनसक्ने प्रहरीको आशंका छ । प्रहरीले कोरोना महामारी बीच पनि भारतबाट पनि पत्राउ गर्ने संयन्त्रहरू प्रयोग गरेको जनाइएको छ ।

**अपराधगर्नेले कुनै छुट पाउँदैन : डिएसपी थापा**

यस घटनाका आरोपित मध्येका एक जना आरोपितलाई पत्राउ गरिए पनि बाँकी फरार रहेको इलाका प्रहरी कार्यालय लहानका प्रहरी नायव उपरीक्षक (डिएसपी) शरद थापा क्षेत्रीले बताए । उनीहरूको खोजीकार्य तिव्र रूपमा भइरहेको उनको भनाइ छ ।

घटनामा संलग्नलाई कारवाही प्रत्रिया अघि बढिसकेको उनले बताए । 'जो कोहीहोस्, अपराध गर्नेलाई कुनै किसिमको सहुलियत हुँदैन,' उनले भने 'अपराधीलाई कारवाही गर्न कसैको सिफारिस र पीडितले दु:ख गर्नु आवश्यक छैन ।' प्रहरीले सुक्षम रूपले अनुसन्धान गरी न्याय दिलाउने पक्षमा लागेको उनले बताए ।

# दुर्घटनामा एकको मृत्यु, तीन घाइते

**लहान ।** लहान–ठाडी सहायक सडक खण्डको सखुवानन्कारकट्टि गाउँपालिका–५ महेशवारीमा सवारी दुर्घटना हुँदा एकको जनाको मृत्यु भएको छ । तीनजना घाइते भएका छन् ।

दक्षिणबाट उतर तर्फ जाँदै गरेको स १ ह ३३२० नम्बरको अटोरिक्सा र विपरित दिशाबाट आउँदै गरेको अनटेस्ट् अटोरिक्सा एक आपसमा ठोक्किएको थियो । सोही दुर्घटनामा परी स १ ह ३३२० नम्बरको अटोरिक्सामा सवार भगवानपुर बस्ने २० वर्षीया रन्जु कुमारी यादवको उपचारका लागि लहान लैजादै गर्दा बाटोमै मृत्यु भएको छ ।

सोही अटोरिक्सामा सवार लक्ष्मीपुरपतारी गाउँपालिका–६ का ६५ वर्षीय मोहम्मद रहमान, ३० वर्षीय मोहम्मद अब्दुला राईन र भगवानपुर गाउँपालिका–१ का ३० वर्षीया पुनम यादव घाइते भएको प्रहरीले जनाएको छ । दुवै अटो प्रहरी नियन्त्रणमा रहेको छ । स १ ह ३३२० नम्बर अटो चालक पत्राउ परेका छन् भने अनटेस्ट् अटोका चालक फरार भएको प्रहरीले जानकारी दिएको छ । खोजतलास भइरहेको प्रहरीले भनाइ छ ।

# आठ जुवाडे पक्राउ

*लहान । सिरहाको मिर्चैयास्थित एक होटेलमा जुवा खेलिरहेका आठ जनालाई प्रहरीले पत्राउ गरेको छ ।*

*मिर्चैया नगरपालिका– ६ स्थित होलिडे होटेलमा जुवा खेलिरहेको अवस्थामा केही थान तासको सेट र नगद एक लाख पाँच हजार सहित आठ जनालाई पत्राउ गरेको प्रहरीले जनाएको छ ।*

*मिर्चैया इलाका प्रहरी कार्यालयका डिएसपी सन्तुलाल जैसवालले पत्राउ परेका सबैलाई कानुन बमोजिम कारबाहीको प्रक्रिया अघि बढाइएको बताए । चाडवाड नजिकिएसँगै जुवा खेल्ने क्रम बढ्ने भएकाले प्रहरीले निगरानी बढाएको हो ।*

# फरार प्रतिवादी र मोबाइल चोर पक्राउ

*लहान । प्रहरीले ज्यान मार्ने उद्योगका फरार प्रतिवादी र मोबाइल चोरलाई पत्राउ गरेका छन् ।*

*पत्राउ पर्नेमा कल्याणपुर नगरपालिका–३ इटारीप्रसाहीका ३० वर्षीय रामकुमार मण्डल र मिर्चैया नगरपालिका–६ का २७ वर्षीय रूपेश यादव रहेको प्रहरीले जनाएको छ ।*

*मण्डल ज्यानमार्ने उद्योगका फरार प्रतिवादी र रूपेश यादव मोबाइल चोरी आरोपित छन् । चोरी भएको मोबाइल समेत उनको साथबाट बरामद भएको छ । घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जानकारी गराएको छ ।*

# प्रहरी बनेर ठग्ने पक्राउ

*लहान । प्रहरी हुँ भन्दै ठगी गर्ने एक जनालाई सिरहा प्रहरीले पत्राउ गरेको छ । पत्राउ पर्नेमा अर्नमा गाउँपालिका–१ का ३० वर्षीय मोहम्मद जाबिर रहेको जिल्ला प्रहरी कार्यालय सिरहाले जनाएको छ ।*

*जाबिरले बरियारपट्टि गाउँपालिका–४ का मुकेश कुमार साहसँग उनको दाजुलाई रिहाई गराइदिने झुठा प्रलोभनमा पारी ३५ हजार दिनुपर्छ भनेर ठगी गरेको प्रहरीले जनाएको छ । मुकेशको दाजु २३ वर्षीय शिवकुमार साह जबरजस्ती करणी मुद्दामा पूर्वपक्षका लागि करागार चलान भएका छन् ।*

*आफु मुद्दा फाँटमा कार्यरत प्रहरी रहेको भन्दै शिव कुमारलाई रिहाई गराउने बापत रकम ठगी गर्न खोजेका थिए । जाबिरलाई पत्राउ गरी थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सिरहाका प्रवक्ता तथा डिएसपी शालिग्राम शर्माले जानकारी दिए ।*

भौतिक दुरी कायम गरी कोरोना भाइरसको संक्रमणबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।

-: जनहितका लागि :-

हरेक खबर, विशेष खबर
जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७
राष्ट्रिय दैनिक
लहानपोस्ट
LAHANPOST DAILY

कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

**कोरोना भाइरसबाट बच्ने उपायहरु :**
क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाइरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

औरही गाउँपालिका कार्यालय, सिरहा

कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

**कोरोना भाइरसबाट बच्ने उपायहरु :**
क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाइरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

बरियारपट्टी गाउँपालिका कार्यालय, सिरहा

कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

**कोरोना भाइरसबाट बच्ने उपायहरु :**
क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाइरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

गोलबजार नगरपालिका कार्यालय, सिरहा

कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

**कोरोना भाइरसबाट बच्ने उपायहरु :**
क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाइरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

सिरहा नगरपालिका कार्यालय, सिरहा

कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

**कोरोना भाइरसबाट बच्ने उपायहरु :**
क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाइरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

कल्याणपुर नगरपालिका कार्यालय, सिरहा

कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

**कोरोना भाइरसबाट बच्ने उपायहरु :**
क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाइरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

अर्नमा गाउँपालिका कार्यालय, सिरहा

# नेपालमा ५८ प्रतिशतले अझै असुरक्षित गर्भपतन गराउँदै

नेपालमा ५८ प्रतिशतले असुरक्षित गर्भपतन गराउने गरेको पाइएको छ । नेपाल स्वास्थ्य तथा जनसांख्यिक सर्वेक्षण सन् २०१६ को तथ्याकं अनुसार बर्सेनि हुने कुल गर्भपतनमध्ये ५८ प्रतिशतले असुरक्षित गराउने गरेको देखाएको हो ।

स्वास्थ्य सेवा विभागको, परिवार कल्याण महाशाखा, मातृ तथा नवजात शिशु शाखाकी प्रमुख डा. पुण्या पौडेलले कोरोना नियन्त्रणका लागि जारी गरिएको लकडाउनका कारण थप ३६ प्रतिशतले सुरक्षित गर्भपतन गराउनेको संख्या घटेको बताइन् ।

उनका अनुसार सुरक्षित गर्भपतन सेवा लिनबाट वञ्चित हुँदा गर्भपतन गराउने, औषधि फार्मेसीबाट आफूखुसी विभिन्न स्वास्थ्य जटिलता आउने रक्तश्राव हुने, बेहोस हुने र रगतमा संक्रमण हुने जस्ता समस्या आउने गरेको देखिन्छ ।

उनले भनिन्, 'फार्मेसी सञ्चालकले कति हप्ताको गर्भ नसोध्ने हुँदा सीधै औषधि किनेर खाँदा रक्तश्राव हुने, रगतमा संक्रमण हुने समस्या आउने हुन्छ ।'

गर्भपतन गराउनेमध्ये आधा महिला मात्रै सूचीकृत संस्थामा जाने तर असुरक्षित गर्भपतन गराउने यकीन तथ्यांक भने महाशाखासँग छैन । महाशाखको तथ्याकं अनुसार ४२ प्रतिशतले मात्र सरकारले गर्भपतन गराउन मान्यता दिएको स्वास्थ्य संस्थाबाट सेवा लिने गरेको स्वास्थ्य सेवा महाशाखाले जनाएको छ । स्वास्थ्य सेवा विभाग, परिवार कल्याण महाशाखाकी वरिष्ठ जनस्वास्थ्य अधिकृत निसा जोशीले नेपालमा अझै पनि असुरक्षित गर्भपतनका कारण निम्तिने जटिलताका कारण महिलाहरूले ज्यान गुमाउने गरेका बताइन् ।

उनका अनुसार नेपालमा गर्भपतनलाई कानुनी रुपमा मान्यता पाएको १८ वर्ष पुग्यो तर असुरक्षित गर्भपतन गराउनेको प्रतिशत घटाउन सकेको छैन । उनले भनिन् 'प्रजनन स्वास्थ्यसहित गर्भपतनको अधिकारलाई नेपालको संविधान समेत मौलिक हकको रुपमा अंगिकार गरेको छ ।'



मातृ मृत्युदर घट्नुमा सुरक्षित गर्भपतनको मुख्य भूमिका खेल्ने उनले बताइन् । सुरक्षित गर्भपतन सेवा सञ्चालनका लागि चार हजारको हाराहारीमा चिकित्सक र स्वास्थ्यकर्मीहरूलाई तालिम दिइएको छ । देशैभर एक हजार ५ सय स्वास्थ्य संस्थाहरूबाट सुरक्षित गर्भपतनको सेवा पाउन सकिने महाशाखाले जनाएको छ ।

सरकारले तोकेका स्वास्थ्य संस्थाबाट हालसम्म सुरक्षित गर्भतनको सेवा करिब १३ लाख महिलाले मात्र लिएको उनको भनाइ छ । सुरक्षित गर्भपतनलाई प्रभावकारी बनाउन ग्रामिण क्षेत्रमा समेत यसको बारेमा जनचेतना फैलाउनुपर्ने देखिएको उनले बताइन् । परोपकार प्रसुति तथा स्त्री रोग अस्पतालकी निर्देशक एवम् विशेषज्ञ डा. संगिता मिश्राले कोरोनाका कारण सुरक्षित गर्भपतन सेवा लिने महिलाको संख्यामा कमी आएको हुनसक्ने बताइन् ।

उनले भनिन्, 'कोरोना संक्रमण देखिएसँगै असुरक्षित गर्भपतन बढेको र सुरक्षित गर्भपतन घटेको देखिन्छ ,तर ठ्याक्कै यति नै घटेको भन्न भने गाह्रो छ ।'

कोरोना संक्रमणको कारण स्वास्थ्य संस्थासम्म महिलाहरु आउन डराउँदा असुरक्षित गर्भपतन भएको देखिएको उनले बताइन् । उनका अनुसार कोरोना संक्रमण कारण जारी लकडाउनमा यातायतका साधनहरू नचल्दा पनि स्वास्थ्य संस्था टाढा हुँदा पनि जान समस्या एउटा कारण हो । समाजको डर र घर परिवारले सुरक्षित गर्भपतन गराउन स्वास्थ्य संस्थासम्म जान सहयोग नगर्नु वा नलैजानु पनि अर्को कारण हो ।

तालिम प्राप्त स्वास्थ्यकर्मीको निगरानीमा गर्भपतन नगराउने र फार्मेसीबाट औषधि सेवन गरेमा अत्यधिक रक्तश्रावसहितका अन्य स्वास्थ्य समस्या आए अस्पताल भर्ना हुने गरेको उनले बताइन् । उनले भनिन्, 'गाउँघरमा सुरक्षित गर्भपतनलाई लाञ्छनाका रुपमा हेर्दा असुरक्षित गर्भपतन घट्न सकेको छैन ।' सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्यको अधिकार सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०७५ अन्तर्गतको परिच्छेद ४ को १५ को पहिलो बुँदामा भनिएको छ, 'गर्भवती महिलाको मञ्जुरीले १२ हप्तासम्मको गर्भलाई सुरक्षित गर्भपतन गराउन पाउने छन् ।'

यसैगरी, सोही परिच्छेदको ४ मै गर्भपतन नगराएमा गर्भवती महिलाको ज्यानमा खतरा पुग्न सक्ने वा शारीरिक र मानसिक स्वास्थ्यमा समस्या आउने, जबरजस्ती करणी वा हाड नाताकरणीबाट रहन गएको गर्भ, रोग प्रतिरोध क्षमता उन्मुक्ति गर्ने जीवाणु एचआईभी वा त्यस्ते प्रकृतिको अन्य निको नहुने रोग लागेमा, भ्रुणमा कमीकजोरी भएको कारण गर्भमै नष्ट हुन सक्ने, वंशाणुगत खराबीका वा अन्य कुनै कारण भ्रुणमा खराबी आएमा गर्भवती महिलाको मञ्जुरीमा २८ हप्ताको गर्भ तोकिएको मापदण्ड र योग्यता पूरा गरेका इजाजत प्राप्त स्वास्थ्य संस्थामा इजाजत प्राप्त स्वास्थ्यकर्मीले सुरक्षित गर्भपतन सेवा उपलब्ध गराउनुपर्ने भनिएको छ ।

सन् २०१६ कै जनसांख्यिक सर्वेक्षणले प्रति १ लाख २३९ महिलाले गर्भवती, सुत्केरी या गर्भपतनको जटिलताका कारण ज्यान गुमाइरहेका देखाएको छ । गर्भपतन गराउनका लागि सबै सरकारी स्वास्थ्य संस्था सूचीकृत हुन्छन् । निजी क्षेत्रले भने सूचीकृत नभए पनि गर्भपतन गराउँदै आएको पाइन्छ ।

**पछिल्लो पाँच वर्षका सुरक्षित गर्भपतनको तथ्यांक यस्तो छ**

स्वास्थ्य सेवा विभागको ,परिवार कल्याण महाशाखाको तथ्याकं अनुसार आर्थिक वर्ष २०७२(०७३ मा सुरक्षित गर्भपतनको सेवा जम्मा ९० हजार ५५९ जना लिएका थिए । आर्थिक वर्ष २०७३(०७४ मा सुरक्षित गर्भपतनको संख्या पाँच हजार ८५८ जनाले बढेको देखिएको थियो । उक्त आर्थिक वर्षमा ९६ हजार ४१७ जनाले सुरक्षित गर्भपतन सेवा लिएको महाशाखाले जनाएको छ ।

यस्तै आर्थिक वर्ष २०७४(०७५ मा सुरक्षित गर्भपतन सेवा ९८ हजार ६४० थियो । जुन आर्थिक वर्ष २०७३(०७४ कोभन्दा दुई हजार २२३ जना बढी हो । आर्थिक वर्ष २०७५-०७६ मा ९५ हजार ६७३ ले सुरक्षित गर्भपतन सेवा लिएका थिए तर अघिल्लो आर्थिक वर्षका तुलनामा २ हजार ९६७ जनाले घटेको थियो ।

आर्थिक वर्ष २०७६-०७७ मा ८५ हजार ४९२ जनाले सुरक्षित गर्भपतन सेवा लिएको महाशाखाका तथ्यांक अधिकृत पुष्कर बिजुक्छेले जानकारी दिए । उनका अनुसार आर्थिक वर्ष २०७५-०७६ को तुलनामा आर्थिक वर्ष २०७६-०७७ मा १० हजार १८१ जनाले सेवा लिनेको संख्या घटेको छ । *बाह्रखरीबाट*

# विकास ...

प्रणाली (कोपोमिस) बनाएको छ । अनलाईन सफ्टवेयरमा आधारित उक्त प्रणाली कार्यान्वयन गर्न सके सहकारीलाई व्यवस्थित गर्न सकिने मन्त्रालयका अधिकारीहरुको तर्क छ ।

तर, प्रदेश तथा स्थानीय तहमा दक्ष र पर्याप्त कर्मचारी नहुँदा कोपोमिसको कार्यान्वयन समेत ओझेलमा पर्दै आएको छ । विभागले कोपोमिस प्रयोग गर्न र आफु मातहतका सहकारीलाई कार्यान्वय गराउन सबै स्थानीय तहलाई सर्कुलर गरिसकेपनि उल्लेखनिय रुपमा कार्यान्वन नभएको विभागले जनाएको छ ।

**विभागको सहजीकरण**

स्थानीय र प्रदेश तहमा सहकारीको व्यवस्थापनलाई प्रभावकारी बनाउनका लागि सहकारी विभागले समेत सहयोग गरिरहेको छ । स्थानीय तहलाई सहकारीको दर्ता तथा अनुगमनका लागि नमुना विनिमय तथा मापदण्ड बनाएर मन्त्रालयमार्फत सबै निकायमा पठाइएको निमित्त रजिष्टार नारायण अर्यालले जानकारी दिए ।

यसैगरी स्थानीय र प्रदेश तहका जनप्रतिनिधि र कर्मचारीलाई सहकारी विषयमा नियमित प्रशिक्षण कार्यक्रम चलाइरहेको र अनुगमनका लागि समेत सहयोग गर्ने योजना विभागको रहेको छ ।

**संघ मातहत**

सहकारी राष्ट्रिय नीति, ऐन, मापदण्ड, नियमावली
केन्द्रीय सहकारी बैंकको स्थापना अनुमति
सहकारी क्षेत्रको अन्तर्राष्ट्रिय सम्वन्ध र सहकार्य
सहकारी क्षेत्रको राष्ट्रिय तथ्यांक व्यवस्थापन र अनुसन्धान
अन्तर प्रादेशिक सहकारी समन्वय
सहकारी संघसंस्थाहरुको क्षमता विकास
सहकारी क्षेत्रको प्रवर्द्धन र परिचालन
बचत तथा ऋण सहकारीको नीति तथा मापदण्ड

**प्रादेशिक तह**

सहकारीसम्बन्धी प्रादेशिक नीति, ऐन, मापदण्ड, नियमावली र कार्यान्वयन विधि,
प्रादेशिक तहको सहकारी संस्था, संघ र बैंक स्थापना अनुमति
सहकारी क्षेत्रको प्रादेशिक तथ्यांक व्यवस्थापन र अनुसन्धान
राष्ट्रिय तथा प्रादेशिक संघसंस्था वीच समन्वय र साझेदारी
प्रादेशिक तहमा सहकारी संघसंस्थाहरुको क्षमता विकास
सहकारी क्षेत्रको प्रवर्द्धन र परिचालन
बचत तथा ऋण परिचालनको लागि सहकारी नियमावली

**स्थानीय तह**

सहकारी सम्वन्धी स्थानीय नीति, कानून, मापदण्ड, नियमावली
सहकारी संस्था दर्ता, अनुमति, प्रत्याहवन, विघटन
सहकारी क्षेत्रको स्थानीय तथ्यांक व्यवस्थापन र अनुसन्धान
राष्ट्रिय, प्रादेशिक र स्थानीय सहकारी संघसंस्थाहरु वीच सम्वन्ध, साझेदारी र सहकार्य
सहकारी संस्थाहरुको क्षमता विकास
सहकारी क्षेत्रको प्रवर्द्धन र परिचालन
बचत तथा ऋण सहकारीको नीति तथा मापदण्ड


**कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना**

**कोरोना भाइरसबाट बच्ने उपायहरु :**
क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा मास्कको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोऔं । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाइरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

**भगवानपुर गाउँपालिका कार्यालय, सिरहा**



**कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना**

**कोरोना भाइरसबाट बच्ने उपायहरु :**
क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा मास्कको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोऔं । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाइरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

**धनगढीमाई नगरपालिका कार्यालय, सिरहा**



**कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना**

**कोरोना भाइरसबाट बच्ने उपायहरु :**
क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा मास्कको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोऔं । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाइरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

**सखुवानन्कारकट्टी गाउँपालिका कार्यालय, सिरहा**



**कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना**

**कोरोना भाइरसबाट बच्ने उपायहरु :**
क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा मास्कको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोऔं । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाइरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

**लक्ष्मीपुर पतारी गाउँपालिका कार्यालय, सिरहा**


लहानपोस्ट् दैनिकका लागि प्रकाशक : भरत जर्घामगर, सम्पादक : शम्भु कुमार यादव, कानुनी सल्लाहकार : सन्तोष सुवेदी कम्प्यूटर ले-आउट : महेन्द्र प्रसाद चौधरी
कार्यालय :लहान नगरपालिका-१०, सिरहा फोन नं. ०३३५६१९६७, ९८५२८२४९६७, ९८५२८३९३१५ website : www.lahanpost.com , e-mail : lahanpost@gmail.com मुद्रक : न्यु यदुवंशी अफसेट प्रेस, लहान,(सिरहा)